# फिक्कल गांउपालिकाको आर्थिक वर्ष २०८०|२०८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन




**सहजिकरण**

**काठमाडौं विश्वविद्‌धालय, दिगो विकास कार्यक्रम**

**हात्तिवन, ललितपुर, नेपाल**

**२०८०**

# बिषयसुची

१. पृष्ठभुमी ........ १
१.१ परिचय ........ १
१.२ कार्यक्रमको औचित्य ........ २
१.३ कार्यक्रमको उद्देश्य ........ २
२. अध्ययन विधी ........ २
२.१ अध्ययन स्थान ........ २
२.२ विधीहरु ........ ३
३. नतिजाहरुः ........ ३
४. सेवाप्रदायक र सेवाग्राही विचको सवाल जवाफ ........ ५
४.१ वन, कृषि तथा पशु सेवा ........ ५
४.२ भौतिक पुर्वधार र खानेपानी तथा सरसफाई ........ ६
४.३ शिक्षा र स्वास्थ्य ........ ८
४.४ पर्यापर्यटन ........ ११
४.५ महिला तथा वालवालिका ........ ११
५. सिकाईहरुः ........ १२
६. सेवाग्राहीहरु बाट आएको सुझावहरुः ........ १२
७. निष्कर्ष ........ १३
८. अनुसुचीहरु ........ १४

# १. पृष्ठभुमी

## १.१ परिचय

सिन्धुली जिल्ला अन्तर्गत पर्ने फिक्लल गांउपालिका साविक महादेवडांडा, सुम्नाम पोखरी, खोलागांउ, खाङसाङ, सोल्पाठाना र रत्नावती गांउ विकास समितिहरुलाई समेतेर फिक्कल गांउपालिका निर्माण गरिएको हो । फिक्कल गांउपालिका प्राकृतिक रुपमा सुन्दर पालिका हो । यस गांउपालिकाको क्षेत्रफल १८५ वर्ग कि.मी छ ।यस गाउंपालिको जनघन्त्व ८६ जना प्रति वर्ग कि.मी छ । यंहा सबै जातजातीको वसोबास छ र उनीहरुको घरधुरी संख्याः ३५३६ छ भने पछिल्लो जनगणना अनुसार यस वडाको जनसंख्या १५९१० छ । नेपाल सरकारको “समृद नेपाल सुखी नेपाली” तथा वागमती प्रदेश सरकारको दीर्घकालिन सोचलाई दृष्टिगत गर्दै फिक्कल गांउपालिकाले २५ वर्षे सोचको निमार्ण गरी यस गांउपालिकामा पनि “समृद फिक्कल, सुखी फिक्कलवासी” यंहाको प्रतिनिधीहरुको सपना छ । वह्सरोकारवालाहरुको सहकार्य र स्थानियको सहभागितमामा आवधिक योजना अन्तर्गतका वार्षिक योजनाहरु सम्पन्न गर्दै आएको छ।

फिक्कल गाउंपालिकामा स्थानिय स्तरमा संचालन भएका विभिन्न विकासका क्रियाक्लापमा सामुदायिक सहभागिता, स्थानिय सुशासनका अभ्यासहरु,दिगो विकासका प्रयासहरुमा संलग्न नैतिक विचारहरुमा व्यावहारिक अभ्यासहरु समुदायमा गरि सिक्ने र सहभागितामूलक औजार/दृष्टिकोणको प्रयोग गरी निर्णय गर्ने कोष परिचालन र उद्यम विकासमा सर्वसाधारण तथा अन्य सरोकारवालाहरूको सहभागिताको स्तरको मूल्याङ्कन प्रकिया के कस्तो छ साथै स्थानीय सरकारद्वारा शुरू गरिएको विकासका गतिविधी र योजना, कार्यान्वयन र अनुगमनमा सामुदायिक सहभागिताको अग्रसता र पार्दशिताको लागि आवश्यक औजारहरु जस्तैः सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण जस्ता कार्यक्रमहरुको आयोजना गांउपालिका र उक्त कार्यक्रम सहजिकरणमा काठमांडौ विश्वविधालयका दिगो विकास कार्यक्रममा सहजकर्ताहरुले मिति २०८० मंसिर २ गते “ फिक्कल समृद्धिको मूल आधारः कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार” भन्ने मूल नारा सहित फिक्कल गांउपालिकाको खांङसाङको श्री सुनकोशी माध्यामिक विधालयको प्राङगणमा आर्थिक वर्ष २०८०|२०८१ को प्रथम चौमासिक प्रगति प्रतिवदेन सहित विभिन्न सरोकारवाला सेवा प्रदायक निकाय र सेवाग्राहीहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो ।

फिक्कल गांपालिकाको सार्वजनिक सुनुवाई पछि यस गांउपालिक अन्तर्गत पर्ने सवै वडाहरुमा पनि वडा मार्फत विकासको योजना र दैनिकी सेवाहरुमा सेवा प्रदायक र सेवाग्राहीको बीच प्रथम चौमासिकमा प्रगति प्रतिवदेन सहित सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो ।

### १.२ कार्यक्रमको औचित्य

सार्वजनिक सुनुवाईले जनप्रतिनिधिहरुलाई जिम्मेवार गराई निरन्तररुपमा नागरिकहरु प्रति जवादेहिता हुन र पारदर्शी रुपमा शासन संचालन गर्न समेत उत्साहित गर्दछ । सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका विषयमा जिम्मेवार पदाधिकारीहरु तथा सेवाग्राही बिच प्रश्नत्तोर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा गर्ने सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरु बाट उक्त सुधारहरु हासिल गर्ने, संभावनाहरु बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्ताहरु समेत तयार हुन्छ। यसरी तयार भएका प्रतिवद्ता कार्यन्वयनबाट नै सामाजिक, आर्थिक र वातावरणिय सुधारको अपेक्षा गर्न सकिन्छ ।

### १.३ कार्यक्रमको उद्देश्य

- गांउपालिकाको प्रथम चौमासिकमा भएका कार्यक्रमको प्रगति विवरण उपर सेवाग्राहीहरुलाई जानकारी गराउने।
- सेवाप्रदायक र सेवाग्राही बिच प्रथम चौमासिकको कार्यक्रम कार्यन्वयन अवधिमा आएका चुनौतिहरु प्रति गहन छलफल गर्ने।
- गांउपालिकाले कार्यन्वयन गरेको सेवा सुविधा उपर सेवग्राही मार्फत आउने प्रतिक्रियाहरु अभिलेखिकरण गर्ने ।
- सेवाग्राही मार्फत आएका प्रतिक्रियाहरु ग्रहण गर्दै आगामी दिनमा गांउपालिकाको कार्यक्रमहरु कार्यन्वयन गर्ने ।
- गांउपालिकाका सेवा प्रदायक र सेवाग्राही बिचमा समन्वय सहकार्यको भुमिकामा चुस्त दुरस्त राख्ने ।

## २. अध्ययन विधी

### २.१ अध्ययन स्थान





फिक्कल गांउपालिकाको पुर्वि सिमाना ओखलढुंगा र उदयपुर जिल्ला, पश्चिम सिमाना ३ पाटा र गोलन्जोर गांउपालिका, उत्तरी सिमाना ओखलढुंगा र रामेछाप र दक्षिणी सिमाना दुधौली नगरपालिका र उदयपुर जिल्लाहरु संग जोडिएको छ ।

**२.२ विधीहरु**


प्रथम चौमासिक प्रगति विवरणको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि गांउपालिकाको बैठकको निर्णय मार्फत मिती २०८०|०८|०२ गतेको दिन तोकि विभिन्न निकाय तथा सेवाग्राहीहरुलाई उपस्थितीको लागि पत्रचार, सामाजिक संजाल, फोन, सार्वजनिक स्थानमा सुचना टांसी उक्त मितीमा श्री सुनकोशी विद्धालयको प्राङगण, खांङसाङमा सम्पुर्ण सहभागीहरुलाई उपस्थितीको लागि सुचना प्रवाह गरियो । सो कार्यक्रममा सहजिकरणको भुमिकाको लागि काठमाडौं विश्वविद्धालयका दिगो विकास कार्यक्रम अन्तर्गतका सहजकर्ताहरुलाई जिम्मेवारी दिईएको थियो । कार्यक्रममा सेवाग्राहीहरु मार्फत आएका गुनासो, सल्लाह, सुझाव, जिज्ञासा, प्रतिक्रियाहरु संकलन गरियो ।

## ३. नतिजाहरुः


फिक्कल गांउपालिकाको खांङसाङ टोलमा पर्ने श्री सुनकोशी माध्यामिक विधालयको प्राङगणमा आर्थिक वर्ष २०८०|२०८१ को प्रथम चौमासिक प्रगति प्रतिवदेन सहित विभिन्न सरोकारवाला सेवा प्रदायक निकाय ११% (१६) र सेवाग्राहीहरुको उपस्थितीमा ८९% (५२) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो । जसमा विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गर्ने नागरिकहरुको उपस्थिती रहेको थियो ।




चित्र नं. - २



चित्र नं. - ३



चित्र नं. - ४

उक्त कार्यक्रममा २५% (१७) महिला र ७५% (५१) पुरूषहरुको सहभागिता गरी जम्मा ६८ जनाको उपस्थिती रहेको थियो । त्यसमध्ये सामाजिक समाबेशिता अनुसार ५% दलित, ३०% जनजाती र अन्य ६५% को उपस्थिती रहेको थियो । त्यस प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा वन, कृषि तथा पशु सेवा, भौतिक पुर्वधार तथा खानेपानी, शिक्षा तथा स्वास्थ्य, पर्याप्रयाटन र महिला तथा वालवालिका शिर्षक उपर योजना तथा दैनिकी सेवाको प्रगतीमा छलफल गरियो । यि कार्यक्रम संचालन अवधिमा आएका चुनौतीहरु उपर आगामी दिनमा कसरी सहज तथा सरल तरिकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न सकिन्छ भनि विस्तृत छलफल गरियो । सेवाग्राही वाट

आएको जिज्ञासा, गुनासो, प्रश्न र सुझावहरुको उच्च मुल्यांकन गर्दै सेवा प्रदायक र सेवाग्राही विचको सवाल जवाफ शिर्षकमा (४) राखिएको छ ।

# ४. सेवाप्रदायक र सेवाग्राही विचको सवाल जवाफ

## ४.१ वन, कृषि तथा पशु सेवा

| सेवाग्राही | प्रश्न,गुनासो,जिज्ञासा र सुझावहरु | सेवा प्रदायक | प्रतिनिधी |
|---|---|---|---|
| गंगाराम दवाडी | • पोहोर परार सिजन अनुसार गंहुको बीउहरु र आलुको बिउहरु केही छुटमा आउंथ्यो यसपाली कहिले आउंछ ?<br>• यदि आलुको विंउ आयो भने सिजन अगाडी आउछ कि सिजन पछाडी आउने हो के कारणले समयमा उपलब्ध हुन नसकेको हो ?<br>• आलुको विंउ अनुदानको रुपमा हामीले सहज रुपमा पाउने गर्दथ्यौ तर पोहोर साल नआएको र अहिले पनि नआएको अवस्था छ ? | • आलु लगायत अरु बिउहरु हामी बाड्न तत्काले अब सुरु गर्छौ ।<br>• हाम्रो लेखाबाट ब्लकेज भएर काम ढिलो हुन गएको हो ।<br>• गैरसरकारी संस्थाहरुको कार्यक्रम पनि यसै संग जोडिने हुंदा अब हामि तत्काले बांड्ने काम सुरु गर्छौ । | डम्वर बहादुर मगर ( प्रशासन अधिकृत) |
| विक्कल पहाडी | • हामी कृषि र पशुमा आवद्ध भएर बसेका मानिसहरु, हामी किटनाशन औषधी लिन जांदा कहां जाने पालिकामा पनि छैन, वडामा पनि छैन ?<br>• कुनै संस्थाहरुलाई जिम्मा दिनु भएको छ भने पालिकाले ती संस्थाहरुले पनि हामी किसानहरुलाई हेरेको छैन ।<br>• कृषि प्राबिधिहरु पनि नभएको होईन ४ वटा वडा कार्यलयहरुमा छन ।<br>• कृषि र पशुमा कति बजेट आउंछ त्यो समेत हामीलाई जानकारी हुंदैन किन?<br>• कृषि सामाग्रीहरुको असमान बितरण? | • हाम्रो गांपालिकाले हेल्प फर नेपाल भन्ने संस्था संग साझेदारीमा सहकार्य गरेर कृषि सम्वन्धि काम गरिरहेको थियो ।<br>• यस संस्था संग २ करोडको सम्झौता गरेका थियौ ।<br>• सयममा उहांहरुलाई बजेट दिन नसकेको कारणले साझेदार संस्थाहरुले काम गर्न सक्नु भएको छैन ।<br>• यो भन्दा अगाडी हामीले समुह बनाइका थियौ त्यो समुह मार्फत औषधीहरु वितरण भएको थियो ।<br>• अहिले बहिनी समुहहरुद्वारा पनि बिंउ वितरण हुंदै आईरहेको छ । | |

| | | | |
|---|---|---|---|
| | | • अहिले पनि हामी ४ लाख बजेट कृषि तथा पशुमा छुटटाएको छौ । | |
| टेकनाथ | • पाडा रांगो सम्वन्धी प्रश्न गर्नु भएको थियो ।<br>• पशु स्वास्थ्यको सेवा नपाएको ।<br>• हामीले कृषिको अस्थिर मुल्य र बजार व्यवस्थापनमा अभाव | • हामीले यो सम्वन्धि छुट्टै कार्यक्रम नसला सुधार कार्यक्रम ल्याएका छौ ।<br>• यसमा छिटै बजेट विनियोजन भएर आउंछ ।<br>• यसमा हामीले उन्नत जातको सिमेन ल्याएर कृतिम गर्भधारण प्राबिधिकहरु लगाएर गराउनेछौ ।<br>• मुर्राको बिउ ल्याएर सुरु गरिहाल्छौ ।<br>• उत्पादनमा बृदि र वस्तुको गुणस्तर भयो भने तपाईहरुले सहज रुपमा मुल्य र वजार पाउनु हुनेछ ।<br>• सामुहिक उत्पादनमा जोड गर्नु भयो भने प्रचार प्रसार हुन्छ । | |

## ४.२ भौतिक पुर्वधार र खानेपानी तथा सरसफाई

| सेवाग्राही | प्रश्न, गुनासो,जिज्ञासा र सुझावहरु | सेवा प्रदायक | प्रतिनिधी |
|---|---|---|---|
| वडा नं. २ | • घर छाउने जस्ता पाटा असमान वितरण | • वडा अध्यक्षको रोहोवरमा जस्ता पाटा वितरण नियमावली अनुसार सहि सेवाग्राहीको घरधुरी छनौट गरी वितरण गरिनेछ । | |
| वडां. ३ | • High voltage को विदधुत प्रशारण नभएको हुंदा विभिन्न खालका मिलहरु संचालन गर्न गारो भएको छ । | • High voltage को विद्धुत छिटै वितरण हुंदै छ । जसले गर्दा जुन सुकै खालको मिलहरु संचालनमा गर्न सक्नु हुनेछ । | |

| | | | |
|---|---|---|---|
| वडां नं. ५ | • सात लाख लागतमा निर्माण भएको विद्यालयको ट्वाइलेट किन सञ्चालनमा आएन?<br>• विद्यालयमा ९ लाख बनेर खानेपानीको लागि आएको रकम कहाँ गयो?<br>• उद्धव स्मृति पार्कमा किन भत्किएका चिज बनाउन ढिला भयो? वा बे वास्ता गरिन्छ?<br>• २ करोड परेको सडक निर्माणमा कहाँबाट खन्ने? रकम कसरी छुटाइएको हो? | • २ करोडको काम रातो कितावमा पनि परेको छ । टेन्डर स्वीकृत भएर काम सुरु भयो तर ठेकेदारको आमा बिरामी भएर त्यो काम पछाडि चल्न सकेन । त्यो काम अलपत्र अवस्थामा रहेको छ भने वडाध्यक्षले जानकारी गराउनुभयो।<br>• टोइलेटको संरचना सम्पन्न भइसकेको र धारा फिट गर्न बाँकी रहेको, त्यो टोइलेट स्कुलदेखि पर भएको कारण टोइलेट सञ्चालनमा आउन सकेन यदि कम्पाउन्डिङ गरेर त्यसलाई भित्रै पार्ने हो भने सञ्चालनमा ल्याउन सकिन्छ ।<br>• खानेपानी ट्याङ्की निर्माणको लागि आठ लाख रुपैयाँ आएको तर फरक किसिमको रिपोर्टिङ इन्जिनियरबाट भएको कारण त्यो पैसा निकासी हुन सकेन र त्यो कार्यक्रम अगाडि बढ्न सकेन। | वडा अध्यक्ष, गा.पा उपाध्यक्ष र प्र. अ |
| | • | • | |

### ४.३ शिक्षा र स्वास्थ्य

| सेवाग्राही | प्रश्न, गुनासो,जिज्ञासा र सुझावहरु | सेवा प्रदायक | प्रतिनिधी |
|---|---|---|---|
| सन्तोष घिमिरे (युवा व्यावसाय) | • गांउपालिका खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरेता पनि केहि घरधुरीमा चर्पीको अभाव छ ।<br>• कोभिडको बेला जुन आईसोलेसन भवन बनाईयो त्यसको अवस्था के छ ? | • गांउपालिकामा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने वेला सबै घरधुरीमा चर्पी भएको र चर्पी भत्किसके पछाडी यो कुरा विपत व्यवस्थापनबाट हामि कंहा नआएको ले यो समस्या भएको हो ।<br>• आईसोलेसन भवनको विषयमा पहिले हामिले कोभिडको बेलामा यस भवन बनाउन लाग्यौ तर अब कोभिड विश्वबाटै हराएको अवस्था छ ।<br>• गांउपालिकामा भएको सामुदायिक आंखा क्लिनिकलाई त्यांहा सार्ने भनिएको थियो र अव छिटै नै सामुदायिक स्वास्थ्य चौकी तथा क्लिनिक त्यांहा सार्ने छौ । | लेखनाथ |
| सुरज आचार्य | • घरमा सुत्केरी हुनेको संख्या सात बनेर आयो, यसको प्रवृति बढेको हो कि घटेको हो ?<br>• गांउपालिकामा २० वर्षभन्दा तल उमेर भएको पनि गर्भवती अवस्थामा हुने छन कि छैनन ?<br>• जटिल अवस्थामा भएको रोगहरु जस्तै क्यान्सर मृगौला पिडित, मेरुदण्ड पक्षघात, यि जटिल रोगहरुको अवस्था यस गांउपालिकामा बढेको छ कि घटेको छ।<br>• नेपाल सरकारले क्यान्सर रोगीहरुलाई मासिक रुपमा भत्ता दिने गर्दछ । | • दिर्घ रोगीहरुको अवस्था हाम्रो गांउपालिकामा बढिरहेको छ ।<br>• नेपाल सरकारले दिन भनिएको रकम यस आर्थिक वर्षमा वजेट नभएको कारण गांउपालिकाबाट उपलव्ध गराउन नसकिएको ।<br>• यस विषयमा स्वास्थ्य मन्त्रालय पनि जानकारी गराईसकेको र अघिल्लो आर्थिक वर्ष र यस आर्थिक | लेखनाथ सर |

| | | | |
|---|---|---|---|
| | • यस गांउपालिकामा पनि क्यान्सर पिडितहरुले फाराम भेरको पनि झण्डै दुई वर्ष भईसक्यो।<br>• गांउपालिकाले किन नेपाल सरकारबाट तोकिएको रकम उपलव्ध गराउन सकेको छैन? | वर्षमा लिनुपर्ने रकम विरामीहरुलाई उपलव्ध गराईनेछ ।<br>• २० वर्षभन्दा तल उमेरका गर्भवती अवस्थाको संख्या पहिलाको अवस्थामा घट्दै गएको छ ।<br>• यस गांउपालिकाको भौगोलिक विकटताको कारण एम्वुलेन्स पठाउंदा पनि धेरै समय लाग्ने भएकोले होम डेलिभेरी अवस्था कायम छ ।<br>• स्वास्थ्य चौकिमा वच्चा जन्माउंदा २००० रुपैया र निशुल्क एम्वुलेन्सको सुविधा पनि हामीले दिंदै आएको छ । | |
| सन्तोष घिमिरे | • अपांगताको किसिम कस्तो हो?<br>• अपांगता परिचयपत्र वितरणमा नियम अनुसार वितरण भएको छ कि छैन? | • अपांगताको परिचयपत्र हामिले डाक्टरको सिफारिस, वर्गिकरणको कार्यविधी र समितिको निर्णयअनुसार भएको छ ।<br>• परिचयपत्र त्रुटि भएको खण्डमा डाक्टरको सिफारिसबाट फेरि आयो भने त्यसलाई परिवर्तन गर्न सकिन्छ । | लेखनाथ |
| दिपक सुनुवार, अनलाईन मार्फत | • पालिकामा भएको रिक्त शिक्षकको पदपुर्ति किन हुन सकेन?कहिलेसम्म शिक्षक पदपुर्ति हुन्छ होला?<br>• | • आर्थिक अभावको कारणले गर्दा पदपुर्ति नगर्ने भनेर रोकिरहेको अवस्था छ । | निलहरि |
| ठाकुर प्रसाद प्र.अ | • शिक्षकको तलव ३ महिनामा प्राप्त हुने हुंदा शिक्षक मारमा परेको छन। तलव महिनावारी | • भौतिक रुपमा उपस्थित हुन नसके पनि हाल सम्पुर्ण विद्धालयहरुमा ईन्टरनेट | |

| | | | |
|---|---|---|---|
| | उपलव्ध गराईदिनु भयो भने सहज हुने थियो ।<br>• अनियमित प्र.अ हरुको वैठकका कारण प्रशासनिक कार्यक्रमहरुमा बाधा परेको छ । यसलाई अनलाईन मार्फत भएपनि नियमित बैठक गरि यस्ता समस्याहरु समधान निकाल्न सुझाव दिईन्छ । | सेवाहरु सुचारु भईसकेको र प्र.अ हरुको virtual group पनि बनाई सकेको जानकारी गराउंदै छिटो भन्दा छिटो नियमित रुपमा बैठक संचालन गर्ने बाचा गरिन्छ । | |
| सन्तोष घिमिरे | • सम्पुर्ण सरकारी कर्मचारीहरुको छोराछोरी सरकारी स्कुलमा भर्ना गरि सरकारी स्कुलको स्तर उन्नती गर्दै गुणस्तरिय शिक्षा दिन र सक्रिय हुनको लागि सुझाव गर्दछु ।<br>• | • | |
| लक्ष्मीप्रसाद घिमिरे, सुनकोशी माबि | • विद्धालय लेखा शाखाको कर्मचारीहरुको क्षमता अभिवृदि गरी सम्पुर्ण प्रशासनिक कार्य साथै छात्रावृति वितरणको लागि निश्चित software बनाई सहज,सुलभ र पारदर्शि बनाउन सुझाव गर्दछु ।<br>• | • विद्धालयको शैक्षिक तथा प्रशासनिक कार्यहरुलाई प्रभावकारि गराउन सम्पुर्ण विद्धालयमा ईन्टरनेट सेवा सुचारु गरिएको र यसको गतल उपयोग भएको गांउपालिकाले महसुस गराउंदै गांउपालिकाले शैक्षिक गुणस्तरको लागि सफ्टवयेर खरिद गरेको र त्यो प्रयोग गर्दा प्राविधिक गडवढी भएको हुनाले अर्को सफ्टवयेर खरिदको लागि प्रस्ताव गरिएको छ । | |
| विक्कल पहाडी (महाकाली मा.वि शिक्षक) | • गांउपालिकाले बनाएको पाठ्यक्रम विद्धालयहरुमा सहिरुपमा पढाई भएको छ छैन भनि गांउपालिका शिक्षा शाखाले नियमित रुपमा अनुगमन गर्नको लागि सुझाव गर्दछु | • गांउपालिकाले स्थानिय पाठ्यक्रम वनाउने जिम्मेवारी त छ तर विविध कारणले गर्दा यो विषयमा गहन छलफलमा छौ र छिटो भन्दा छिटो पाठ्यक्रम बनाई लागु गरिने छ । | |

### ४.४ पर्यापर्यटन

| सेवाग्राही | प्रश्न, गुनासो,जिज्ञासा र सुझावहरु | सेवा प्रदायक | प्रतिनिधी |
|---|---|---|---|
| वडां | • फिक्कल डांडालाई भ्यु टावर रुपमा विस्तार गरि आन्तरिक तथा वाह्य पर्यटक भित्राउन पहल गरिदिनु हुन सुझाव दिन्छु । | • यस भ्यु टवार व्यवस्थापन र प्रचार प्रसारको लागि पहलकदमी भईरहेको छ । सवैको सहयोगमा आन्तरिक तथा वाह्य पर्यटक भित्राउनु पर्छ । | वडा अध्यक्ष |
| | • वडा नं. ३ मा जम्मा १० घरधुरीमा मात्रा होमस्टेको व्यवस्था गरिएको छ यो व्यवस्था समग्र वडाहरुमा छिटो भन्दा छिटो विस्तार गर्न सुझाव दिन्छु किनभने यो वैकल्पिक आयस्रोतको माध्यम भएको हुनाले साथै स्थानिय उत्पादन, कला संस्कृतिको प्रोत्साहन समेत हुने भएकोले। | • होमस्टे संचालन तथा व्यवस्थापन गर्ने घरधुरीका महिलाहरुलाई तालिम तथा भ्रमणको व्यस्थाको लागि वडा कार्यालयले गांउपालिका संग समन्वय गर्ने छ । | वडा अध्यक्ष |

### ४.५ महिला तथा वालवालिका

| सेवाग्राही | प्रश्न, गुनासो,जिज्ञासा र सुझावहरु | सेवा प्रदायक | प्रतिनिधी |
|---|---|---|---|
| वडां २ र ३ | • गांउपालिकाले वालविवाह नियन्त्रण गर्ने कार्यविधी वनाएता पनि अझै वालविवाह नियन्त्रण नभएको यसलाई पुर्णरुपमा प्रतिवन्ध लगाउन सुझाव दिईन्छ । <br>• बालबालिकाहरुको चौतर्फीक विकासको ( वाल क्लव,खेलकुद सामाग्रीहरु आदी) लागि निश्चित मापदण्ड बनाएर बजेट छुट्टाई प्रत्येक वडामा वालवालिका लक्षित कार्यक्रम संचालन गर्न सुझाव गर्दछु । | • महिला तथा वालवालिका शिर्षकमा भएको वजेट बाट वडा मा वालविवाह नियन्त्रणको लागि जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिने र संगसंगै नियमावलीमा रहेर त्यस्ता वालविवाह प्रोत्साहन गर्ने गराउने लाई कानुनी दायरामा ल्याईने छ । | |

## ५. सिकाईहरुः

- विकासका योजनाहरु निर्माण गर्दा सेवाग्राहीहरुको प्रत्यक्ष सहभागिता अनुरुप उनिहरुको आवश्यकता अनुसार योजनाहरु छनौट गरी कार्यन्वयन गरेमा योजनाहरु प्रभावकारी हुने देखिन्छ ।
- लक्षित समुदायहरुको लागि गांउपालिका वाट छुट्टाईएका विकासको योजनाहरु लक्षित समुदायले प्राप्त गरेमा मात्र उनिहरुको अवस्था सुधार हुने देखिन्छ ।
- कृषि गुणस्तर उत्पादन र वजार व्यवस्थापनको लागि गांउपालिकाले सम्वन्धित किसानहरुलाई मौसम अनुसार तालिम, विउ, मल र प्राविधिक सहयोग साथै भ्रमणको व्यवस्था भएमा मात्र कृषि क्षेत्रमा विकास हुने देखिन्छ ।
- व्यावहारिक र सिपमूलक शिक्षा साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्दा गर्न सक्ने पाठ्यक्रमको निर्माण गरि पठन पाठन गराएमा विधार्थीहरुको गुणस्तर हुने देखिन्छ ।
- आन्तरिक तथा वाह्य पर्यटकहरु भित्राउनको लागि स्थानिय सुविधा युक्त होमस्टेहरु व्यवस्थापन  गरेमा पर्यटकहरुको आगमन हुने देखिन्छ ।
- गांउपालिकाले संचालन गरिने विकास तथा सेवामूलक कार्यक्रमहरुमा समतमूलक सहभागिताको लागि महिला तथा वालवालिकालाई जनचेतना मुलक तालिम तथा गोष्ठीहरु संचालन गरेमा मात्र समान सहभागित हुने देखिन्छ ।
- प्राथमिक स्वास्थ्य सेवा छिटो छरितो बनाउन सम्वन्धित स्वास्थ्य चौकिमा गुणस्तरीय प्राविधिक तथा स्वास्थ्य कर्मिहरुको आवश्यकता रहेको देखिन्छ ।

## ६. सेवाग्राहीहरु बाट आएको सुझावहरुः

- कृषि उत्पादनका लागि समय मै विऊ, मल, औजार, प्राविधिक शिक्षा उपलव्ध गराउनुको साथै वजार व्यस्थापनको लागि विभिन्न निकाय संग समन्वयको लागि पहल कदमी गरिदिनु पर्यो।
- भौतिक निर्माणका कार्यहरु गर्दा सम्भव भए सम्म स्थनिय स्रोत साधनको उचित प्रयोग गर्न र समय अवधि भित्र कार्य सम्पादन गर्नु पर्यो ।
- शिक्षा क्षेत्रलाई गुणस्तर वनाउन र प्रभावकारी गराउन पालिका स्तरिय प्र.अ हरुको वैठन समय तालिका अनुसार भौतिक उपस्थिती वा virtual माध्यम बाट नियमित रुपमा संचालन गर्नु पर्यो ।
- लक्षित समुदायहरुको लागि छुट्टाईएको कार्यक्रम वजेटहरु सोहि समुदायहरुले मात्र उपयोग गर्न पाउनु पर्यो ।
- विविध शिर्षकमा जथाभावी हुने खर्चहरुलाई कटौटि गर्नु पर्यो ।


- वालविवाह नियन्त्रण, समतामुलक सहभागिता, महिला सशक्तिकरण आदिको लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्नु पर्यो ।
- स्वस्थ्य सम्वन्धि घटनाहरु न्युनिकरण गर्नको लागि स्वास्थ्य क्षेत्रहरु सहज सुलभ र छिटो छरितो सेवा सुविधाहरु प्रदान गर्नु पर्यो ।
- बालविकासका लागि छुट्टाईएका वजेटहरु समय मै उनिहरुलाई उपलव्ध गराईदिनु पर्यो ।
- पर्यापर्यटन विकासको निम्ति सम्वन्धित निकायहरुले पहल कदमि गरिदिनु पर्यो ।

## ७. निष्कर्ष

आर्थिक वर्ष २०८०|०८१ को प्रथम चौमासिकमा भएका गतिविधिहरुकको प्रगती विवरण सहित गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम एक शुशासनको विधी हो । यो कार्यक्रमले प्रथम चौमासिकमा भए गरेका योजना तथा दैनिकी सेवाहरुको प्रभाकारिता सम्वन्धि जानकारी गराउंदै सेवाग्राहीहरु मार्फत आएका सल्लाह सुझावहरुलाई समेति अगामी दिनहरुमा सहज र सुलभ तरिकाले सेवाग्राहीहरु प्रत्यक्ष लाभ पाउने निश्चित हुन्छ । यो कार्यक्रमले आर्थिक पार्दशिता, समावेशिता, शुशासन र पदाधिकारीहरुलाई जिम्मेवार, जवाफदेयिता साथै प्रतिवद्ता वन्न वनाउन अग्रसर गराउंदछ ।


# ८. अनुसुचीहरु


## अनुसुचीः १



आज मिति २०८०/०८/०२ गते शनिबारका दिन यस फिक्कल गाउँपालिकाको आ.व. २०८०/८१ को प्रथम चौमासिक ( २०८० साउन १ देखी कार्तिक मसान्त सम्म ) सार्वजनिक सुनुवाई कार्यक्रम फिक्कल गाउँपालिकाका अध्यक्ष श्री पार्वती सुनुवार ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारी , कर्मचारी, बुध्दिजीवी, समाजसेवी , प्रधानानाध्यापक लगायतका सरोकारवाला सेवाग्राही हरुको उपस्थितिमा सम्पन्न गरियो ।

| | |
|---|---|
| श्री पार्वती सुनुवार | अध्यक्ष फिक्कल गाउँपालिका |
| श्री राजु बराल | उपाध्यक्ष फिक्कल गाउँपालिका |
| श्री डम्बर बहादुर रजन मगर | प्रमुख प्रशासकीय अधिकृत फिक्कल गाउँपालिका |
| श्री होम बहादुर सुनुवार | वडा अध्यक्ष वडा नं. १ |
| श्री शंकर बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. २ |
| श्री टेक बहादुर रजन मगर | वडा अध्यक्ष वडा नं. ३ |
| श्री मोहन मगर | वडा अध्यक्ष वडा नं. ४ |
| श्री बैकुण्ठ लाल पहाडी | वडा अध्यक्ष वडा न. ५ |
| श्री कुलेन्द्र राना मगर | वडा अध्यक्ष वडा नं. ६ |





**अनुसुचीः२**


सार्वजनिक सुनुवाई कार्यक्रम
Public Hearing


सार्वजनिक सुनुवाई कार्यक्रम
Public Hearing






आ.ब. २०८०/०८१ को प्रथम चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम